CC-0. In Public Domain. Digitization by eGangotri

(९)

~~पाशुपतदर्शन~~ शैवदर्शन

१. विषयप्रवेश

शिवपुराणको वायवीयसंहिताको आरम्भमा सिद्धान्तशैव, पाशुपत, महाव्रतधर र कापालिक नामक चतुर्विध शैवहरूको उल्लेख पाइन्छ (शिवपुराण वायवीयसंहिता, ३१/१६३) जैन आचार्य हरिभद्र सूरिकृत षड्दर्शनसमुच्चयको गुणरत्नरचित तर्करहस्यदीपिका टीकामा चतुर्विध शैवको नामावली यसप्रकार रहेको छ — शैव, पाशुपत, महाव्रतधर र कालामुख (तर्करहस्यदीपिका टीका, पृ. ५१) ~~अ~~ आचार्य गुणरत्न नैयायिकहरूलाई शैव र वैशेषिकहरूलाई पाशुपत मान्दछन् ~~न~~ (पूर्ववत्, पृ ५८)। पाशुपत योगाचार्यहरूको नामावलीमा न्यायदर्शनका प्रवर्तक गौतम एवं वैशेषिक दर्शनका प्रवर्तक कणादको नाम समावेश भएको छ। ईश्वरको निमित्तकारणता र दुःखान्तको मोक्षताको निरूपण गर्नेवाला न्यायवैशेषिक दुवै नै दर्शनमा पाशुपतमतको समान प्रभाव परिलक्षित हुन्छ। ब्रह्मसूत्रको तर्कपादको भाष्यमा शंकराचार्यले चारै प्रकारका शैवलाई माहेश्वर भनेका छन्। भामतीकार वाचस्पति मिश्रले पनि चार प्रकारका शैवहरूको नाम यसप्रकार दिएका छन् — शैव, पाशुपत, कारुणिकसिद्धान्ती र कापालिक। भास्कराचार्यले ~~चा~~ चार प्रकारका शैवहरूको नाम यसप्रकार दिएका छन् — पाशुपत, शैव, कापालिक र कारुकसिद्धान्ती। वामनपुराणमा शैव, पाशुपत, कालवदन र कापालिक नामक चार प्रकारका शैवहरूको वर्णन पाइन्छ (वामनपुराण ६।८६) वामनपुराणमा यिनको विषयमा विशेष चर्चा पाइन्छ। यी चार शैवमतलाई त्यहाँ क्रमशः ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र जातिका साथ जोडिएको छ। यी चारै मतका प्रवर्तक आचार्यहरू र उनका शिष्यहरूको नाम पनि त्यहाँ दिइएको छ। जस अनुसार शैवमतका आद्य प्रवर्तक महर्षि वसिष्ठपुत्र शक्ति हुन् भने उनका प्रथम शिष्य गोपायन हुन्। पाशुपतमतका आद्यप्रवर्तक भरद्वाज हुन् भने यिनका प्रथम शिष्य राजा ऋषभ सोमकेश्वर हुन्। कालास्य मतका प्रवर्तक आपस्तम्ब हुन् भने उनका शिष्य वैश्य मुनि क्राथेश्वर हुन्। कापालिक मतका प्रवर्तक कुबेर हुन् भने उनका शिष्य अर्णोदर हुन् जो शूद्र जातिका थिए।

तन्त्रालोकमा शैवागमका तीन भेद पाइन्छन्। ~~(तं. आ. ...)~~ ती हुन् - द्वैतवादी शिवागम, द्वैताद्वैतवादी रुद्रागम र अद्वैतवादी भैरवागम (तं. आ. १।१८)। माथि उल्लेख भएको ~~शैव~~ 'शैव' पदले द्वैतवादी सिद्धान्तशैवलाई बुझाउँछ भने पाशुपत मत द्वैताद्वैतवादी मानिन्छ। वर्तमानमा कालमुख र कापालिक ~~को~~ मतको स्वतन्त्र ग्रन्थ उपलब्ध छैन। कालमुख सम्प्रदाय ~~वीर~~ द्वैताद्वैतवादी वीरशैवमतमा अन्तर्लीन भएको ऐतिहासिक साक्ष्य पाइन्छ भने कापालिक मत कौल परम्परामा अन्तर्लीन भएको देखिन्छ। सेश्वर दर्शनको पनि समावेश द्वैताद्वैत वादी दर्शनमा गरिएको छ। अद्वैतवादी भैरवागमको अन्तर्गत वर्तमानमा काश्मीरी शैवदर्शन नामले प्रसिद्ध दर्शनमा तथा प्रत्यभिज्ञा दर्शन प्रतिपादित दर्शनसम्म पर्दछ। त्यसैले अब यहाँ क्रमप्राप्त द्वैतवादी सिद्धान्तदर्शनको बारेमा चर्चा गरिन्छ।

२- सिद्धान्त शैवदर्शन :- आचार्य क्षेमराजले सिद्धान्तशास्त्र वा द्वैतवादी सिद्धान्त शैवदर्शनको लोकप्रियता दर्शाएका छन् - "प्रायश्च सिद्धान्तीयो लोकः सिद्धान्तक्रममाश्रितः" ~~(...)~~ (स्वच्छन्दतन्त्र, उद्योतव्याख्या २/९४)

शैव शब्दको अर्थ गर्दै उनी अगाडि लेख्दछन् - शैवशब्देनानुत्तीर्णपदप्रापकं किरणादिसिद्धान्तशास्त्रमुच्यते (पूर्ववत्, ११।१९४) अर्थात् शैव शब्दले अनुत्तीर्ण पदमा पुऱ्याउने किरणागम आदि सिद्धान्त ~~शब्दमा~~ शास्त्रलाई भनिन्छ।

११५८ / ५६   १४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति श्रीमदुत्तरपीठोद्धृते श्रीश्रीनाथावतारिते श्रीकालिकाकुले पञ्चशते सप्तमः पटलः ॥५६॥ ॥

समाप्तमिदं श्रीकालिकाक्रमम् ॥ ॥ परमहंसपरिव्राजकषडन्वयाचार्यश्रीविमलप्रबोधपादानामिति ॥ ॥

ज्ञण्छद ग्रन्थसंख्या..ष्टषट्यधिकपञ्चशतश्लोकाः ॥ ५६८ ॥ शुभमस्तु गोब्राह्मणानां प्रियजनानाञ्च

.....जहाम.....कालिकाक्रममि ।

अग्ने रक्ष जलाद्रक्ष रक्ष मां मृदुतबन्धनात् ।

याचितोऽहं न दातव्यं एवं वदति पुस्तकम् ॥ संवत् ॥१९२५ ॥

1051 मा.क. सर्व्वथा ।

1052 ग्रन्थसंख्यादेखि तलको पाठ मा. क.मा मात्र छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

2.1. सिद्धान्त शैवदर्शनको ~~उपलब्ध आगम~~ साहित्य

2.1.1. आगम साहित्य

२८ सिद्धान्त शैवागमहरूको नामावली अनेक ग्रन्थमा पाइन्छ। २०६ उपागमहरूको पनि नामावली कामिक, कारण, सुप्रभेद आदि आगमहरूमा पाइन्छ।

2.1.2. ~~प्रमुख ग्रन्थ~~ प्रमुख सिद्धान्त शैवदर्शनका आचार्य एवं कृतिहरू

~~सिद्धान्त शैवदर्शनको सम्बद्ध प्रकरण ग्रन्थहरूमा कालक्रमानुसार, सद्योज्योति शिवाचार्य कृत तत्त्वसंग्रह,~~

2.1.2.1. सद्योज्योति शिवाचार्य :- सद्योज्योति शिवाचार्य काश्मीरका प्रसिद्ध शैवाचार्य हुन्। आचार्य सद्योज्योति सिद्धगुरु, खेटपाल, खेटकपाल, खेटकनन्दन जस्ता नामहरूबाट शास्त्रमा उद्धृत गरिएका छन्। शिवदृष्टिमा आचार्य सोमानन्दले यिनलाई उद्धृत गरेका छन् (३।१३-१४ तथा ३।६४) त्यसैले यिनको समय नवौं शताब्दी मान्नु उचित देखिन्छ। यिनका निम्नलिखित ग्रन्थहरूको उल्लेख पाइन्छ —

१) तत्त्वसंग्रह २) तत्त्वत्रयनिर्णय ३) भोगकारिका ४) मोक्षकारिका ५) परमोक्षनिरासकारिका
६) नरेश्वरपरीक्षा ७) स्वायम्भुववृत्ति (विद्यापाद) ८) रौरवागमवृत्ति ९) मन्त्रवार्तिक

यसप्रकार उग्रज्योतिका शिष्य सद्योज्योति शिवाचार्य सिद्धान्त शैवागमका प्रथम व्याख्याता एवं पद्धतिकार मानिन्छन्।

2.1.2.2 बृहस्पतिपाद :- मोक्षकारिकाको व्याख्यामा निम्नलिखित मंगलश्लोक पाइन्छ —

याभ्यां प्रकाशितं वर्त्म सिद्धान्ते सिद्धभावतः।
गुरुभ्यामपि तौ वन्द्यौ सद्योज्योतिबृहस्पती॥

उपर्युक्त श्लोकमा सद्योज्योति शिवाचार्यका साथ बृहस्पतिपादको स्मरण गरिएकाले यिनी सद्योज्योतिका समकालीन हुन् भन्ने देखिन्छ। बृहस्पतिपादलाई 'शिवतनुशास्त्र'को कर्ताका रूपमा अभिनवगुप्तले तन्त्रालोकमा स्मरण गरेका छन् (८।३४५) त्यसैगरी ईश्वरप्रत्यभिज्ञाविवृतिविमर्शिनी (भाग-३, पृ.२०१) तथा स्वच्छन्दोद्योत (११।-४) मा पनि ~~अनेकौं~~ उनलाई उद्धृत गरेको देखिन्छ। आचार्य जयरथले बृहस्पतिपादलाई रौरवागमका वार्तिककारका रूपमा स्मरण गरेका छन् (तन्त्रा.वि. ९।२१६)। यिनले 'रौरवसूत्रसंग्रह'को पनि रचना गरेका थिए।

2.1.2.3. हृदयशिव :- ईश्वरशिवका मालव शाखाका लक्ष्मणकौ परम्परामा शिष्य हृदयशिव 'प्रायश्चित्तसमुच्चय'का रचनाकार ~~सेको~~ हुन्।

~~2.1.2.४। हृदयबोध शैवाचार्य~~ :

2.1.2.4- वैरोचन :- ईशानशिवका शिष्य वैरोचन 'प्रतिष्ठालक्षणसारसमुच्चय'का रचनाकार हुन्। उक्त ग्रन्थ राष्ट्रिय अभिलेखालय, काठमाडौंबाट प्रकाशित भएको छ। यो ग्रन्थ सिद्धान्त शैवदर्शनको एउटा विशिष्ट पद्धतिग्रन्थ हो। शिवका पञ्चवक्त्रबाट निस्किएका सिद्धान्त, गारुड, भैरव, भूत एवं वामतन्त्रहरूका १६४ ग्रन्थहरूको नामावली यस ग्रन्थमा छन् (२।११२-१२८)

2.1.2.5- रामकण्ठ प्रथम :- राजानक रामकण्ठका नामले प्रसिद्ध रामकण्ठ प्रथम आचार्य उत्पलदेवका शिष्य हुन्। यिनी स्पन्दकारिकाविवृतिका रचनाकार हुन्। क्षेमराजको कथनबाट के कुरा ज्ञात हुन्छ भने यिनले 'स्तवचिन्तामणि' नामक ग्रन्थमाथि पनि विवृतिको रचना गरेका थिए। ("श्रीरामेण कृतात्र सद्विवृतिः" (स्तवचिन्तामणि, पृ.१३०) ~~अभिचन्द्र पाण्डेयले यिनलाई मंगलतन्त्रको भ्राता तथा~~

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तान्त्रिकाणां न शैवानां न दद्याद्वैष्णवात्मनाम्[1039] ॥ ५२ ॥

भस्मनिष्ठाप्रपन्नानामस्थिमालादिधारिणाम्[1040] ।

वेदान्तादिक्रियारूढिदानधर्मतपोजुषाम्[1041] ॥ ५३ ॥

तीर्थाश्रमप्रपन्नानां न देयं पारमार्थिकाम्[1042] ।

देयञ्च[1043] गुरुभक्तानामात्मज्ञानरतस्य[1044] च ॥ ५४ ॥

कुलागमरतस्यापि[1045] कालिभक्तियुतस्य[1046] च ।

अद्वैतस्यापि धीरस्य गुप्ताचारस्य भैरव ॥ ५५ ॥

तस्यैव च न दातव्यं किं पुनः प्राकृते जने ।

एतत्सर्वं[1047] समासेन कथितं भुजगाङ्गद ॥ ५६ ॥

योऽस्य शास्त्रस्य देवेश धारयेद्वन्दयेत्तथा ।

कांक्षेत पूजयेद्वर्षि योगिनीनां[1048] सवल्लभम् ॥ ५७ ॥

यस्य तिष्ठति[1049] हस्तस्थं शास्त्रं कालिक्रमाकुलम्[1050] ।

स पूज्यः सर्वथा[1051] देव यथा भैरवनायकः ॥ ५८ ॥

1039 मा.क.,ख. वैष्णवात्मनां ।

1040 मा.क.,ख. धारिणां ।

1041 मा.क. दानधर्म्मतपोजुषां ।

1042 मा.क. पारमार्थिकां ।

1043 मा.ग. देयं च ।

1044 मा.ग. रहस्य ।

1045 मा.ग. कुलागमरहस्यापि ।

1046 मा.क. कालिकाभक्तियुतस्य ।

1047 मा.क.,ख. एतत्सर्व्वं ।

1048 मा.क. थ यो पाठ मसी उडेकाले नबुझिने भएको ।

1049 मा.क. ष्ठति पाठ लेख्न छुटेको ।

1050 मा.क.,ख. कालिक्रमाकुलं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(3) ~~भगवद्गीताको सर्वतोभद्र नामक व्याख्याका रचनाकारका रूपमा पनि स्मरण गरेका छन्। तर~~

२.१.२.६. रामकण्ठ द्वितीय:- नारायणकण्ठका परमगुरु तथा विद्याकण्ठका गुरु रामकण्ठ द्वितीय रत्नत्रयका रचयिता श्रीकण्ठका अनुसार सद्वृत्तिका रचनाकार हुन्। (श्रीरामकण्ठसद्वृत्तिं मयैवमनु-कुर्वता, रत्नत्रयपरीक्षा, श्लोक ३२२) तर रामकण्ठले कुन ग्रन्थमाथि सद्वृत्ति लेखेका थिए त्यसको जानकारी भने प्राप्त हुन सकेको छैन।

२.१.२.७- ~~द्व~~ रामकण्ठ तृतीय:- नारायणकण्ठका पुत्र रामकण्ठ तृतीयका निम्नलिखित कृतिहरूको विवरण पाइन्छ-

१) नादकारिका २) ~~मोक्षकारिका वृत्ति~~ ३) ~~परमोक्षनिरासकारिका वृत्ति~~ ४) नरेश्वरपरीक्षा प्रकाशव्याख्या ५) जातिनिर्णयपूर्वका ~~त~~ प्रवेशविधि ६) मतंगपारमेश्वरवृत्ति ७) सार्धत्रिशतिकालोत्तरवृत्ति ८- किरणागम (विद्यापाद वृत्ति ९) ओमव्याप्तिवादकारिका १०) मन्त्रवार्तिकटीका ११) आगमविवेक १२) रौरव-वृत्तिविवेकटीका

२.१.२.८- रामकण्ठ चतुर्थ:- मोक्षकारिका र परमोक्ष(निरास)कारिकाको व्याख्या रामकण्ठ चतुर्थले लेखेका हुन्।

२.१.२.९- ओगदेव:- ओगदेव मध्यदेशका शिवाचार्य हुन्। तिनी तत्त्वप्रकाशका रचनाकार हुन्।

२.१.२.१०- नारायणकण्ठ:- नारायणकण्ठ 'मृगेन्द्रागमवृत्ति' (~~विद्यापाद~~ विद्यापाद)का रचनाकार हुन्। तिनले स्तोत्रावली-को रचना गरेका थिए भन्ने सूचना पाइन्छ तर उनको यो कृति उपलब्ध छैन। नारायणकण्ठले ~~म~~ मतंगपारमेश्वर तथा भावचिन्तामणि नामको ग्रन्थको रचना गरेका थिए। तिनले तत्त्वसंग्रहमाथि 'शरन्निशा' नामक वृहत् टीकाको निर्माण गरेका थिए।

२.१.२.११ सोमशम्भु:- सोमशम्भु कर्मकाण्डक्रमावलीका रचनाकार हुन्। सोमशम्भुले उक्त ग्रन्थ वि.सं. ११३० मा पूर्ण गरेका थिए। ~~तिनले आफ्नो नाम सोमशिव~~

२.१.२.१२. ईशानशिव:- ईशानशिव केरलनिवासी हुन् भन्ने एन.पी. उण्णीको मत रहेको छ (ईशानशिवगुरुदेवपद्धति, उप. पृ. ११-१२, २४-२५) तर उनलाई केरलनिवासी मान्न उचित नहुने धारणा व्रजवल्लभ द्विवेदीले व्यक्त गरेका छन् (तन्त्रागमीय धर्मदर्शन, पृ. १७०)। तिनी ईशानशिव गुरुदेवपद्धति' का रचनाकार हुन्। उक्त ग्रन्थ तन्त्रपद्धति, तन्त्रसार, तन्त्रसारपद्धति आदि नामले प्रसिद्ध छ।

२.१.२.१३. त्रिलोचन शिवाचार्य:- त्रिलोचन शिवाचार्यको परिगणना सिद्धान्तशैवशास्त्रका १८ पद्धति-कारहरूमा गरिएको छ। सोमशम्भुको कर्मकाण्डक्रमावलीमाथि तिनको व्याख्या उपलब्ध छ। सोमशम्भु-ले कर्मकाण्डक्रमावली वि.सं. ११३० मा पूरा गरेका थिए अतः त्रिलोचन शिवाचार्य~~को~~ ~~वि सोमश~~ वि.सं. ११३० भन्दा पछिका हुन् भन्ने प्रमाणित हुन्छ। त्रिलोचन शिवाचार्यका ~~सिद्ध~~ सिद्धान्तसारावली, प्रायश्चित्त-समुच्चय, रत्नत्रयोद्योत, सर्वमतसिद्धान्तरहस्य, ध्यानरत्नावली आदि ग्रन्थहरू उपलब्ध छन्।

अनन्तशम्भु

त्रिलोचन शिवाचार्यको सिद्धान्तसारावलीका टीकाकारका रूपमा अनन्तशम्भु चिनिन्छन्। तिनको अर्को नाम अनन्त शिवाचार्य हो। यसका अतिरिक्त अनन्तशम्भुको तीर्थकालादिनिर्णय नामक ग्रन्थको पनि सूचना पाइन्छ। ~~उक्त ग्रन्थमा~~

सर्वात्मशम्भु

सर्वात्मशम्भु सिद्धान्तप्रकाशिका वा सिद्धान्तदीपिका नामक ग्रन्थका रचनाकार हुन्। तत्त्वप्रकाश, नादकारिका, तत्त्वत्रयनिर्णय आदिका वृत्तिकार अघोरशिवले सर्वात्मशम्भु वा सर्वात्मशिवलाई आफ्नो गुरु बताएका छन्। (तत्त्वत्रयनिर्णयवृत्ति, पृ. १४६)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यत्र सा संस्थिता देवी चित[ज्ञण्द्ड] विश्रामभूमिका ॥ ४६ ॥

सृता द्वादशभिर्भेदैः परमार्कस्वरूपिणी[ज्ञण्द्ढ]।

रश्मिद्वादशसद्रश्मिसहस्रशतसन्निभा[ज्ञण्घण] ॥ ४७ ॥

वाचां पथि कथं योज्या वक्त्रं सा कुलनन्दन।

यो विन्दति सकृत्तस्यास्तत्क्षणात् खेचरो[ज्ञण्घज्ञ] भवेत् ॥ ४८ ॥

निर्माति[ज्ञण्घद] विश्वमखिलं ग्रसते लीलया पुनः[ज्ञण्घघ]।

न तस्य साधकस्यैवमुपमा भुवि विद्यते ॥ ४९ ॥

त्रैलोक्ये तिष्ठते परं प्रभुत्वेन यथेश्वर।

परं विज्ञानविभवं कथितं ते[ज्ञण्घद्ध] त्रिलोचन ॥ ५० ॥

एतद्रहस्यं परमं नाख्येयं कालिकाक्रमम्[ज्ञण्घछ]।

दुष्प्राप्य[ज्ञण्घट] कालिकाम्नायं सिद्धानां बोधशालिनाम्[ज्ञण्घठ] ॥ ५१ ॥

न देयं क्रूरताद्वैतलोभमोहजुषां नृणाम्[ज्ञण्घड]।

[1025] मा.क. शं विजा अक्षर मसी उडेकाले नदेखिने भएको।

[1026] मा.क.,ख. निर्मलंको म द्वित्व भएको।

[1027] मा.क. ब्रह्मसंनिभं। मा.ख. ब्रह्मसन्निभं।

[1028] मा.ग. विद।

[1029] मा.ख. परमार्क्कस्वरुपिणी।

[1030] मा.क. द्रश्मिसहस्रश पाठ टुटेको।

[1031] मा.ग. तत्क्षणात्खेचरो।

[1032] मा.क.,ख. निर्म्मात्ति।

[1033] मा.क. या पु अक्षर टुटेको।

[1034] मा.ग. कथितान्ते।

[1035] मा.क.,ख. कालिकाक्रमं।

[1036] मा.क. दुःप्राप्यं। मा.ख. दुष्प्राप्य।

[1037] मा.क.,ख. बोधशालिनां।

[1038] मा.क.,ख. नृणां।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०१९ १०६५ - ११७८
  ५८
  ६६

(8) ~~कुमा~~

कुमारदेव

भोजदेवकृत तत्त्वप्रकाशमाथि तात्पर्यदीपिका नामक टीकाका रचनाकार कुमारदेव ईशानशिवका शिष्य हुन्।

अघोरशिव

अघोरशिवले भोजदेवकृत तत्त्वप्रकाशमाथि वृत्ति लेखेका छन्। सो वृत्ति यिनले ~~वि~~ वि.सं. १२१५ मा पूरा गरेका थिए। रामकण्ठ शैवकृत नादकारिका तथा तत्त्वत्रयनिर्णयमाथि पनि यिनको वृत्ति उपलब्ध छ। यिनी सर्वात्मशम्भु वा सर्वात्मशिवका शिष्य हुन्। माथि उल्लिखित ग्रन्थका माथि वृत्ति अतिरिक्त तत्त्वसङ्ग्रह, रत्नत्रय, भोगकारिका र नारायणकण्ठकृत मृगेन्द्रवृत्तिमाथि दीपिका टीका यिनका रचना हुन्। (तत्त्वप्रकाश लघुव्याख्या, रत्नत्रयोल्लेखिनी, तत्त्वसङ्ग्रह लघुटीका, तत्त्वत्रयनिर्णयवृत्ति नादकारिकावृत्ति, मृगेन्द्रवृत्तिदीपिका) त्रिलोचन शिवाचार्यको प्रायश्चित्तसमुच्चयका अनुसार अघोरशिव आमर्दक मठका अधिपति थिए।

भोजदेव (वि.सं. १०७५-१११८): धाराधिप भोजदेव तत्त्वप्रकाशका रचनाकार हुन्। विन्ध्यप्रदेशमा स्थिति कल्याणनगरीका निवासी यतीश्वर उत्तुङ्गशिवका कान्छा भाइ भोजदेवका राजगुरु थिए तर यिनको नाम कहीं उल्लेख भएको पाइँदैन।

सिद्धान्तशैवशास्त्रको आयातिक्रम

शास्त्रस्वरूप अपर ज्ञान सदाशिव, अनन्त, श्रीकण्ठ आदि देवता र ऋषिगणको परम्परा हुँदै ~~ॱॱॱ~~ प्रवाहित हुन्छ। पौष्करागममा बताइएको छ कि अनुष्टुप् छन्दमा निबद्ध करोडौं श्लोकयुक्त यो ज्ञान सर्वप्रथम सदाशिवबाट अनन्त, अनन्तबाट श्रीकण्ठ र श्रीकण्ठबाट दुर्वासा आदि ऋषिहरू हुँदै ~~अनुक्रम~~ ~~क्रम~~ मानवपरम्परामा प्रवाहित भएको हो। कामिक आदि दश शिवागम तथा विजय आदि अठारह रुद्रागम गरी अठ्ठाईस आगम सिद्धान्तशास्त्रका नामले प्रसिद्ध छ। यही सिद्धान्तशास्त्रलाई "त्रिपदार्थं चतुष्पादं महातन्त्रम्" भनिएको छ। (मृगेन्द्रागम, विद्यापाद, २/२) सर्वदर्शनसङ्ग्रहका अनुसार पति, पशु र पाश नामक तीन पदार्थको प्रतिपादन गर्ने एवं, यस आगम विद्या, क्रिया, योग र चर्या नामक चार पादले युक्त हुने भएकाले यस शास्त्रलाई 'त्रिपदार्थं चतुष्पादं महातन्त्रम्' भनिएको हो (सर्वदर्शनसङ्ग्रह, पृ. ६५)। दश शिवागमका तीन/तीन तथा अठार रुद्रागमका दुईदुई गरी छ छ श्रोताको परम्पराबाट यो सिद्धान्तशास्त्र लोकमा अवतीर्ण भएको छ।

त्रितत्त्व ~~त्रिपदार्थ~~ विवेचन

सिद्धान्तशैवदर्शनमा पति, पशु र पाश गरी तीनवटा तत्त्वहरूको विवेचना गरिएको ~~छ~~ पाइन्छ। शैव तथा शाक्त दर्शनमा अङ्गीकार गरिएका सबै छत्तीस तत्त्वहरू यिनै तीन तत्त्वभित्र अन्तर्भूत हुन्छन् ~~हुने भएकाले~~ मुख्य ~~तत्त्वका~~ रूपमा ~~यी~~ यिनै तीन ~~तत्त्वलाई ग्रहण गरिएको~~ हो। पति तत्त्वमा शिव, शक्ति, सदाशिव, ईश्वर र शुद्धविद्या गरी पाँच शुद्ध तत्त्वको अन्तर्भाव हुन्छ, पशुतत्त्वमा माया, काल, नियति, राग, विद्या, कला र पुरुष गरी सातवटा शुद्धाशुद्ध तत्त्वको अन्तर्भाव हुने तथा प्रकृति, हदि ~~ॱॱॱ~~ पृथ्वीसम्मका चौबीस अशुद्ध तत्त्वको अन्तर्भाव पाश तत्त्वमा हुने भएकाले मुख्य तत्त्वका रूपमा यिनै तीन तत्त्वलाई ग्रहण गरिएको हो। (पत्यौ शुद्धानां तत्त्वानामन्तर्भावः। मायाकार्याणां शुद्धाशुद्धानां पशावन्तर्भावः। अव्यक्तादि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दीप्तकीलालसंयोग ध्यानादेकात्मताङ्गगता[ज्ञण्ज्ञ्ढ] ।

तदोपलब्धिभावेन प्राप्यते कालिकाक्रमः ॥ ४० ॥

तस्योपमा परानिष्ठा[ज्ञण्ज्ञ्छ] उन्मनाया[ज्ञण्ज्ञ्ट] व्यवस्थिता ।

एतदुत्तरयोगेन स्थिता सा समनाहरा[ज्ञण्ज्ञ्ठ] ॥ ४१ ॥

सृष्टिप्रलयभावेनाप्यवतारक्रमेण च ।[ज्ञण्ज्ञ्ड]

तदाद्यन्ते महादेव महाविज्ञानभूमयम्[ज्ञण्ज्ञ्ढ] ॥ ४२ ॥

कथयामि रहस्यञ्च कालिकाक्रममुत्तमम्[ज्ञण्द्दण] ।

चिन्तयेत्परमादित्यधामरुपं परं विभुम्[ज्ञण्द्दज्ञ] ॥ ४३ ॥

चिच्चक्रचेतनायुक्तं चन्द्रकोट्यवभासकम्[ज्ञण्द्दद] ।

कल्पान्ताग्निसहस्राभं भूरिसूर्यसमप्रभम्[ज्ञण्द्दघ] ॥ ४४ ॥

ऊहकादिशिवान्तस्थं सर्वसत्त्वादनोद्यतम्[ज्ञण्द्दढ] ।

कलालयेन सहसा प्रशान्तं चितिमण्डले ॥ ४५ ॥

[ज्ञण्द्दछ]तत्राकाशं विजानीयान्निर्मल[ज्ञण्द्दट] ब्रह्मसन्निभम्[ज्ञण्द्दठ] ।

1013 मा.क. सौरःपरमकारणं । मा.ख. सौरमपरमकारणं । मा.ग. सौरपरमकारणम् ।

1014 मा.क.,ग. मतां गता ।

1015 मा.क. परमा निष्ठा ।

1016 ~~मा.ख. उन्मनायां~~ ।

1017 मा.ख. समनाहर ।

1018 मा.ग. भावना पाठ ।

1019 मा.क.,ख. महाविज्ञानभूमयं ।

1020 मा.क.,ख. कालिकाक्रममुत्तमं ।

1021 मा.क.,ख. विभुं ।

1022 मा.क.,ख. चन्द्रकोट्यवभासकं ।

1023 मा.क.,ख. भूरिभानुसमप्रभं ।

1024 मा.क.,ख. सर्व्वसत्वादनोद्यतं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) पुलिव्यनानां केवलाशुद्धानां पाश इति, तत्त्वप्रकाश, ~~तात्पर्यदीपिका, पृ.५~~, तात्पर्यदीपिका व्याख्या, पृ.१३-१४

१) पति ~~सिद्धान्त~~

सिद्धान्त शैवदर्शनमा पतिको अभिप्राय परमेश्वर शिव हो। परमेश्वर शिव अचेतन माया प्रकृति आदिका प्रवर्तक हुन्।

पति तत्त्व अन्तर्गत शिव, शक्ति, सदाशिव, ईश्वर र शुद्धविद्या यी पाँच तत्त्वको अन्तर्भाव हुने कुरा माथि उल्लेख गरिसकिएको छ। अतः अब यहाँ क्रमशः ती पाँच तत्त्वको चर्चा गरिन्छ।

१) ~~पति~~ शिव

शिव सम्पूर्ण प्रयोजनहरूका सम्पादक, कर्ता, ज्ञाता, व्यापक र नित्योदित मानिन्छन्। परमैश्वर्य, स्वातन्त्र्य तथा सर्वज्ञत्व शिवका असाधारण गुण हुन्। मुक्त जीव तथा विद्येश्वरहरूमा पनि शिवत्व रहेको हुन्छ तर तिनमा मुक्तिपूर्व शिवत्व रहेको हुँदैन, तिनीहरू परमेश्वरको अधीन हुन्छन्। यद्यपि अन्य पाशबद्ध जीवहरूको अपेक्षा उनीहरू बढी ~~स्वातन्~~ स्वतन्त्र हुन्छन् तर र परमेश्वरको प्रभावबाट नै मुक्ति लाभ गर्न समर्थ हुन्छन्। परमेश्वर शिव चाहिँ नित्यमुक्त छन्, कुनै पनि कालमा उनी मलादि सम्बन्धले युक्त हुँदैनन्। शिवपुराणको वायवीय संहितामा भनिएको छ—

अनादिमलसंश्लेषप्रागभावात् स्वभावतः।
अत्यन्तपरिशुद्धात्मेत्यतोऽयं शिव उच्यते ॥ (१।३२।२९)

अनादिमुक्त शिवको शरीर साधारण ~~जीव मात्र~~ जीवको झैँ भौतिक अवयवले बनेको हुँदैन, अपितु उनको शरीर पाँचवटा मन्त्रहरूले बनेको हुन्छ त्यसैले शिवलाई 'पञ्चमन्त्रतनु' भनिन्छ। मृगेन्द्रागमका अनुसार सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहरूप पञ्चकृत्य सम्पादनमा सहायक ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजात नामक पाँचवटा मन्त्रहरूबाट शिवका शिर आदि अवयव बन्दछन्। ~~अर्थात् ईशानको आगम भगवान् शिव सर्वश्रेष्ठ गुणले सम्पन्न तथा सम्पूर्ण जगत्‌का प्रिय छन् त्यसैले ईशान मूर्धा वा शिरसमान श्रेष्ठ छन्।~~ ईशानमन्त्र शिवको शिर हो, तत्पुरुषमन्त्र मुख हो, अघोरमन्त्र हृदय हो, वामदेव गुह्यस्थान हो अनि सद्योजातमन्त्र ~~मूर्ति सम्पूर्ण शरीरस्वरूप हो~~ पाउ हो। (मृगेन्द्रागम ३।८-१२)

१.१- शिवको पञ्चकृत्यकारिता

जगत् तथा जन्ममरणशील जीवहरूलाई उनीहरूको भोगका ~~उ~~ लागि उपयोगी उपकरणहरूका साथ बारम्बार विविध योनिमा सृष्टि गर्नु प्रथम सृष्टि नामक कृत्य हो। अनुकूल सृष्टि गरेर सबै प्राणीहरूलाई उनीहरूको पुरुषार्थ सम्पादनका लागि तदनुकूल कार्यमा नियुक्त गर्नु र उनीहरूको पालना गर्नु स्थिति नामक दोस्रो कृत्य हो। स्थितिकाल पूरा भएपछि शुद्ध र अशुद्ध भोगका साधन शरीर, इन्द्रिय, भुवन आदिलाई बिन्दु अथवा मायारूपी कारणमा सम्पूर्ण शक्तिलाई विलय गरेर संसारमा निरन्तर ~~[illegible]~~ परिभ्रमण गरेका कारण थाकेका समस्त प्राणीहरूलाई उनीहरूको विश्रामस्थलका रूपमा आफूभित्रै लय गराउनु संहार नामक तेस्रो कृत्य हो। पाशको सहायताले ~~प्रवृत्त~~ पाशबद्ध पशु~~हरूमा~~ (जीव)हरूमा भोगको अभिलाषा जगाइराख्नु र आफ्नो संस्कारअनुरूप भोगबाट प्राणीहरूलाई वियुक्त ~~न~~ नगर्नु ~~नामक~~ निग्रह नामक चौथो कृत्य हो। पाशहरूलाई तिरोधान गरेर प्राणीहरूलाई पर र अपर नामक मुक्ति प्रदान गर्नु पाँचौँ अनुग्रह नामक कृत्य हो। कृत्यपञ्चकका साक्षात् कर्ता शिव हुन्। अशुद्ध अध्वामा अनन्तादिमा पनि कृत्यपञ्चकको स्थिति रहन्छ त्यो वास्तवमा शिवको प्रेरणाबाट ~~उनीहरूमा सामर्थ्य~~ भएको हो अतः पञ्चकृत्यका साक्षात् कर्ता शिव नै हुन्। भगवान् शिव प्रलय दशामा पनि पञ्चकृत्यव्यापारमा लागिरहन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेनासोर्म्मिकुला[1000] भीमा द्वैतभावस्य भक्षिणी ॥ ३३ ॥

संहारवह्नियोगेन कुलप्राप्तगता परा ।

पारम्पर्यक्रमायाता[1001] तदुपासा सुरेश्वर ॥ ३४ ॥

पूजनात्सर्व्वसिद्धानां[1002] खेचरीणां शिवस्य च ।

संयाता[1003] तत् पदप्राप्तिर्नित्य[1004] त्रिपुरदाहक ॥ ३५ ॥

शिववह्न्यात्मके भावे द्वैतायाते सुरेश्वर ।

कालाग्न्यधो वह्निपुञ्ज[1005] ऊर्ध्वं[1006] पीयूषमण्डलम्[1007] ॥ ३६ ॥

मध्येऽर्क्करुपा[1008] परमा धीतत्त्वस्यावलम्बिनी ।

मनोगव्वौ[1009] तथोर्ध्वाधो[1010] विषरूपौ स्थितौ सदा ॥ ३७ ॥

ऊर्ध्वे सृष्टिः परा प्रोक्ता शशाङ्कसकलोपमा ।

ऊर्ध्वमार्ग्गस्य[1011] चाधस्तादग्निरुपा महोज्वला ॥ ३८ ॥

उभयोर्भाव्वयोर्देव[1012] मध्यात्संयोगसम्भवः ।

ज्ञेयोऽवतारो देवेश सौरः परमकारणम्[1013] ॥ ३९ ॥

1000 मा.ख. तेनासोर्म्मिकुला ।

1001 मा.क.,ख. पारंपर्यक्रमायाता ।

1002 मा.क.,ख. सर्व शब्दको व द्वित्व भएको ।

1003 मा.ख. संजाता । मा.ग. सञ्जाता ।

1004 मा.ग. तत्पदप्राप्तिर्नित्यं ।

1005 मा.ख. पुंज ।

1006 मा.ग. ऊर्ध्वे ।

1007 मा.ख. पीयूषमण्डलं ।

1008 मा.ख. अर्क शब्दको क द्वित्व भएको ।

1009 मा.क.,ख. व अक्षर द्वित्व भएको ।

1010 मा.क. तथोर्ध्वाधो ।

1011 मा.ख. ग अक्षर द्वित्व भएको ।

1012 मा.क.,ख. द अक्षर द्वित्व भएको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

(६)

मृगेन्द्रागममा भनिएको छ– ~~स्वाप्न~~ स्वापेऽप्यात्ते बोधयन् बोधयोग्यान् ।
रोधान् बन्धान् पाचयन् कर्मिकर्म ॥
मायाशक्तिर्व्यक्तियोग्या: प्रकुर्वन् ।
पश्यन् सर्वं यथावद्वस्तुजातम् ॥ (मृगेन्द्रागम, विद्यापाद, अध्याय ४ प्रकरण, १४ श्लोक)

~~द्वैतवादी~~

~~२- शिवको निमित्तकारणता~~

~~सिद्धान्त शैवदर्शनमा सम्पूर्ण जगत् प्रपञ्चको सृष्टिका लागि शिवलाई निमित्तकारण, मानिएको छ/ शक्तिलाई जीवको कर्मलाई सहकारिकारण र बिन्दुलाई उपादानकारण मानिएको छ/ शिवमा समवायसम्बन्धले रहेको शक्तिलाई उपादानकारण मान्न सकिँदैन शिवलाई उपादान कारण मान्दा उसमा परिणामीता परिणामिता र अचिद्रूपताको दोष आउने देखिने भएकाले जसरी शिवलाई उपादानकारण मान्न सकिँदैन त्यसरी नै शिवमा समवायसम्बन्धले रहेको शक्ति शक्तिलाई पनि उपादानकारण मान्न मिल्दैन किनभने शक्ति पनि यी दुवै चिद्रूप हुन् ।~~

~~३- शिवको त्रिविधता~~

शिवको समवायिनी शक्तिको प्रवृत्ति भेदका कारण शिवका शान्त, उदित र प्रवृत्त नामक तीन भेदको वर्णन सिद्धान्त शैवदर्शनमा पाइन्छ। ~~आत्मा~~ शिवको यो भेद वास्तविक नभई औपचारिक मात्रै हो। तात्पर्य के हो भने भगवान् शिव~~का शक्ति त्रिविध शक्तिले नै शरीर र इन्द्रियको कार्य गर्दैनन्।~~ चितिशक्तिको त्रिविध प्रवृत्ति– उदासीनता, उद्योग र प्रवृत्तिका कारण शान्त, उदित र प्रवृत्त नामक औपचारिक रूप धारण गर्दछन्। ~~शिवका यो त्रिविध रूप औपचारिक~~ शान्तको अर्थ आफ्नो ~~चिद्शक्ति~~ [illegible] निष्कल अवस्थामा रहेको शिवलाई शान्त अनिरुद्ध कार्य गर्ने सामर्थ्य हो [illegible] निष्कल अवस्थामा अनिरुद्ध यो शिवतत्त्वको अभिव्यक्त अवस्था हो। (तत्त्वप्रकाश २७) यो अवस्थालाई [illegible] यो तरङ्गशील दशा हो। प्रवृत्तता ~~स्थूल~~ सकलावस्था ~~परिणामी~~ [illegible] उन्मुखता सकल– निष्कलावस्था हो। (तत्त्वप्रकाश २८) (तत्त्वप्रकाश २९) शिवको यो अवस्थाभेद कार्यभेदका आधारमा मात्र हो। यो ईश्वर दशा हो। यसप्रकार शिवको यो भेद केवल औपचारिक हो वास्तविक होइन। ~~आधार गरिएको छ।~~ उल्लेख गरिएको छ। वास्तवमा यो ~~अवस्थाभेदलाई~~ [illegible] ~~शिवको यो अवस्थाभेदलाई~~ एउटै तत्त्वको त्रिविध रूप मात्र हो। शिव विभिन्न अर्थ सम्पादनका लागि (श्रीभागवत ३/२२-२६), ~~द्वैत~~ अधिकारावस्थामा [illegible] शिव [illegible] आफ्नो शक्तिको कारण मूर्तिरूपग्रहण गरी भक्तहरूलाई अनुग्रह गर्नका लागि [illegible] सकल अवस्थामा ईश्वरावस्था भनिन्छ। गर्दछन्। ~~यही~~ यस अवस्थालाई [illegible] → अधिकारावस्थामा कार्यभेदद्वयरुपैः [illegible] शक्तिरुपाः मूर्तिः। तद्योगादेव चामी [illegible] (तत्त्वप्रकाश, ~~तात्पर्य~~ अघोरशिवाचार्यकृत टीका, ३३) उपासनावस्थामा [illegible] निष्कल हीन [illegible] शक्तिले [illegible] क्रियाशक्तिको अपकर्ष र ज्ञानशक्तिको उत्कर्ष हुँदा विद्यातत्त्वको सृष्टि हुन्छ [illegible] विभिन्न प्रकारका शक्तिहरूले यो प्रकाशस्वरूप हो। (तत्त्वप्रकाश ३०) शिवतत्त्व वस्तुत: एउटै छ तर विभिन्न [illegible] पाँच भेद कल्पना शक्तिहरूको व्यापारको आधारमा शिवका यी पाँच भेद [illegible] कुनै निश्चित क्रम छैन। किनभने यहाँ [illegible] गरिएको हो। (तत्त्वप्रकाश– ३२) यी पाँच स्वरूपको [illegible] विभिन्न व्यापारको आधारमा ~~गरिएको~~ [illegible] पाँच प्रकारले कुनै निश्चित हुँदैन यो कालातीत [illegible] हो। विभिन्न व्यापारको आधारमा [illegible] यसप्रकार एउटै शिवतत्त्व [illegible] ईश्वर तत्त्वमा [illegible] गरिएको हो। यसप्रकार एउटै शिवतत्त्व [illegible] हुन्छ। (तत्त्वप्रकाश ३१) सदाशिवतत्त्वमा [illegible] हुन्छ। (३१) [illegible] र विद्यातत्त्वमा [illegible] विद्यातत्त्वको [illegible]

CC-0. In Public Domain. Digitization by eGangotri

उन्मना शिवसामर्थ्यादर्पयेज्ज्ञानमुत्तमम्[988]।

पुनः सा ग्रसते विश्वं स्वेच्छया परमेश्वरी ॥ २७ ॥

तद्विवर्त[989] स्मृतो ज्योतिः [990]पुञ्जश्चक्रेशिपूर्वगः[991]।

कलाबीजानि सूते च सोमार्कानलसंयुता[992] ॥ २८ ॥

एकाकारा[993] निरालोका परधामस्वरूपिणी[994]।

तेजस्तु यस्य मध्यस्था सैकीभावत्वमागता ॥ २९ ॥

नानाख्युगा तु सा भाति भूरिभानुसमप्रभा।

न शशितारकाभावो[995] नासौ व्योमेशरश्मिभा[996] ॥ ३० ॥

न च सा तडितःप्रख्या चित्रभानुसमान सा।

सा भासा जठरे नैव दृश्यते ज्ञानचक्षुषा ॥ ३१ ॥

उन्मेषमार्गचक्षुषे नान्यथा दृश्यते तु सा।

प्रदीप्यन्ते[997] तया सर्वे[998] वह्निचन्द्रार्कतारकाः[999] ॥ ३२ ॥

रविसोमविभागेन सामरस्यपदप्रदा।

---

988 मा.क. दर्पको प द्वित्व भएको छ।
989 मा.क. विवर्तको त द्वित्व भएको छ।
990 मा.ख. पुंज।
991 मा.क.,ख. पूर्व्वगःपाठमा गको द्वित्व भएको छ।
992 मा.ख. सोमार्क्कानलसंयुता।
993 मा.क. कारा पाठ टुटेको।
994 मा.क. परंधामस्वरुपिणी।
995 मा.क.,ख.,ग. शशी दीर्घ पाठ।
996 मा.क. सौ व्योमेश पाठ टुटेको।
997 मा.क. प्र अक्षर टुटेको।
998 मा.क.,ख. सर्व्वे।
999 मा.ख. चन्द्रार्कको क द्वित्व भएको।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(५).

पशु

~~पुरुषका~~ माया, कला, नियति, ~~क~~ काल, विद्या, राग र पुरुष यी सात शुद्धाशुद्ध तत्त्वलाई पशु तत्त्व भित्र ~~अन्तर्गत~~ अन्तर्भाव गरिएको छ।

माया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वगः[ढठट] सर्वकर्ता[ढठठ] च स्वच्छन्दामृतनिर्भरः[ढठड] ॥ २० ॥

निरुपाधिर्महादेवः[ढठढ] सर्वभूतेष्ववस्थितः[ढडण] ।

तस्यावबोधात्परमा स्वेच्छया परमेश्वर ॥ २१ ॥

जाता तत् कालिकाशक्तिरेका तद्धर्मधर्मिणी[ढडज्ञ] ।

सूक्ष्मरुपा परा शान्ता परमानन्दनन्दिता[ढडद्द] ॥ २२ ॥

स्वभावतः शिवाज्जाता[ढडघ] वेद्यरुपा निरञ्जना[ढडङ] ।

उन्मना समना सा तु स्वेच्छया परमेश्वरी ॥ २३ ॥

यथा रश्मिप्रभा सूर्ये वह्नौ च दहनात्मिका ।

अचिन्तिता समुत्पन्ना शिवस्य सहधर्मिणी[ढडछ] ॥ २४ ॥

समनोन्मनरुपेण शिवेच्छा द्वयमद्वयम्[ढडट] ।

तत्तदिच्छाम्यनिच्छातस्तदिच्छेदक्रिये शिवे ॥ २५ ॥

संभूता तु परा शक्तिः समनोन्मनरुपिणी ।

समना चैव विश्वेस्मिन् पञ्चार्थाना[ढडठ] प्रसूयिनी ॥ २६ ॥

---

976 मा.क.,ख. सर्व्वगः ।

977 मा.क.,ख. सर्व्वकर्ता ।

978 मा.ख. निर्भ्भरः ।

979 मा.क.,ख. निरुपाधिर्म्महादेव ।

980 मा.क.,ख. सर्व्वभूतेषववस्थितः ।

981 म.क.,ख. तद्धर्म्मधर्म्मिणी ।

982 मा.ख. नंदनंदिता ।

983 मा.ग. शिवाज्जाता ।

984 मा.ख. निरंजना ।

985 मा.ख. सहधर्म्मिणी ।

986 मा.क.,ख. द्वयमद्वयं ।

987 मा.ग. विश्वेस्मिन्पञ्चार्थानां ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal